स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ६, संख्याः१, असार २२ गते, २०७९ साल**

**भाग-२**

**सरुमारानी गाउँपालिका**

# दिर्घरोग स्वास्थ सहायता कार्यविधि–२०७९

स्वीकृत मितिः २०७९/०३/२१

प्रमाणिकरण मिति २०७९/०३/२२

## प्रस्तावनाः

यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने दिर्घरोगी नागरिकहरुलाई औषधि उपचार वापत आर्थिक सहायता उपलब्ध गराउन र यस कोषलाई व्यवस्थित, प्रभावकारी र मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

परिच्छेद १

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस कार्यविधिको नाम “दिर्घरोग स्वास्थ्य सहायता कार्यविधि २०७९” रहेको छ ।

९२) यो कार्यविधि तत्काल लागु गरिनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. “कार्यविधि” भन्नाले सरुमारानी गाउँपालिकाको दिर्घरोग स्वास्थ सहायता कार्यविधि २०७९” लाई सम्झनु पर्दछ ।

ख.  “दिर्घरोग” वा “दिर्घरोगी” भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सस, अल्जाइमर्स, स्पाइनल ईन्जुरी, ग्रम्भीर किसिमको पक्षघात, हेड ईन्जुरी, शल्यक्रियाद्धारा उपचार गर्नुपर्ने अन्य रोग र यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट उपचार हुन नसक्ने रोगहरु सम्झनु पर्छ ।

ग.  “कोष” भन्नाले सरुमारानी गाउँपालिकाको दिर्घरोग स्वास्थ सहायता कोष वा गाउँपालिकाले वार्षिक रुपमा विनियोजन गरेको रकमलाई बुझ्नुपर्छ ।

घ.  “कार्यपालिका” भन्नाले सरुमारानी गाउँकार्यपालिकालाई बुझ्नुपर्छ ।

## परिच्छेद २
## कोष स्थापना

३.  कोष स्थापनाः (१) दिर्घरोग स्वास्थ सहायता नाम गरेको एक कोष वा वार्षिक रुपमा कार्यक्रमको रुपमा कोषको स्थापना हुनेछ ।

(२) यस कोषको नाम सरुमारानी गाउँपालिका दिर्घरोग स्वास्थ सहायता कोष रहने छ ।

४.  कोषमा जम्मा हुने रकमः (१) गाउँसभाबाट दिर्घरोग स्वास्थ सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## **परिच्छेद ४**
## **कोषको रकम परिचालन सम्बन्धी व्यवस्था**

५.  कोषबाट खर्च हुने क्षेत्रः

(१) कोषबाट सरुमारानी गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने दिर्घरोगीहरुको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२)  यसरी सहयोग उपलब्ध गराउदा रोगको प्रकृती/जटिलता तथा बिरामीको स्वास्थ्य अवस्थालाई मध्यनगर गरेर रु. ५०००/- देखी रु.२५०००/- सम्म रकम उपलब्ध गराउन सकिनेछ ।

३) उपचार सहयोग एक आर्थिक वर्षमा एकपटक मात्र उपलब्ध गराइनेछ ।

६. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः (१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

२) दिर्घरोग स्वास्थ्य सहायता प्राप्त गर्नका लागी पेश गर्नुपर्ने कागजातहरु

क) सम्बन्धित व्यक्ति वा निजका अभिभावक वा निजका संरक्षकको निवेदन

ख) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी (सम्बन्धित आर्थिक वर्ष वा जाँच गरेको ६ महिना भित्रको) ।

ग) सम्बन्धित चिकित्सकले उपचारको लागी लेखिदिएका औषधीहरुको विवरण ।

घ) सम्बन्धीत वडा कार्यालयको सिफारिश ।

ङ) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।

च) अन्य आवश्यक प्रमाणहरु ।

७. आर्थिक सहयोगको निर्णयः (१) दफा ६ बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा आवस्यकता र औचित्यताको आधारमा गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई आदेश गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गरिएको भुक्तानि त्यस पछिको कार्यपालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद ५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन

८. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापनः (१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

९. दिर्घरोग स्वास्थ्य सहायता कोषको रकममा बृद्धि गर्न सक्नेः

(१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

१०. जाँच पास तथा फरफारक (१) कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

११. कार्यविधिको संशोधनः (१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

१२. बचाऊ र खारेजीः (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ । ।

२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

३) सरुमारानी गाउँपालिकाको दिर्घरोगी तथा विपन्न नागरीक उपचार सहयोग कोष परिचालन कार्यविधि, २०७४ खारेज गरिएको छ ।

४) उपनियम (३) को कार्यविधि अनुसार भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
**प्रमाणिकरण मितिः २०७९/३/२२**